# पाँचखपन नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, सङ्खुवासभा
## कोशी प्रदेश, नेपाल

पाँचखपन नगरपालिका




# सूचनाको हक सम्बन्धी ऐनमा व्यवस्था भए अनुसार सम्पादित कार्यको तेस्रो त्रैमासिक बुलेटिन

आ.व. २०८१/०८२

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

पाँचखपन नगरपालिकासँग सम्बन्धित आ.व. २०८१।८२ माघ १ देखि चैत मसान्तसम्मको

**अद्यावधिक सूचना**

**(सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) को प्रयोजनका लागि)**

**१. निकायको परिचयः**

नेपालको संविधानमा मुलुकको मूल संरचना संघीय शासन व्यवस्था अनुरुप तीन तहको हुने उल्लेख गरिएको छ। संविधानतः मुलुकको राज्य शक्तिको प्रयोग समेत यी तीन वटै तहबाट हुने अवस्था सुनिश्चित गरिएको छ। नेपालको संविधानको अनुसूची ५, ६, ७, ८ र ९ मा यी तहहरुको एकल तथा संयुक्त अधिकारक्षेत्रको समेत व्यवस्था गरिएको छ। संविधानमा उल्लेख गरिएका व्यवस्था तथा संविधान प्रदत्त कार्य भूमिका निर्वाहका लागि विभिन्न प्रकारका नीतिगत तथा कानूनी व्यवस्थाका साथै संस्थागत संरचनाहरुको स्थापना तथा व्यवस्थापन गरिएको छ। सो अनुरुप तत्कालीन समयका स्याबुन, वाना तथा जलजला गा.वि.स.लाई एकीकृत गरी पाँचखपन नगरपालिकाको स्थापना २०७३ सालमा भएको हो।

सार्वजानिक सेवा प्रवाह लगायत मुलुकको शासन व्यवस्थालाई नागरिक तथा जनताहरुको नजिकैबाट प्रदान गर्न स्थानीय तहः गाँउपालिका तथा नगरपालिकाको भूमिका महत्वपूर्ण तथा प्रभावकारी हुने विश्वास गरिएको छ। संघ तथा प्रदेश तहको योजना तथा नीति अनुरुप नीति, योजना र कार्यक्रमको तर्जुमा र कार्यान्वयन गर्दै साधनस्रोतको व्यवस्थापन र परिचालन गरी नागरिकको जीवनस्तर सूधार गर्न आवश्यक आयोजना तथा कार्यक्रमको कार्यान्वयन गर्नु पर्ने दायित्व स्थानीय तहको रहेको छ। नेपालको संविधान, आवधिक योजना लगायतका नीतिगत संरचनाहरुमा स्थानीय तहहरु प्रभावकारी सार्वजनिक सेवा प्रवाह र विकास व्यवस्थापन, शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायतका सार्वजनिक सेवा सुविधाहरु प्रदान गर्न समेत प्रमुख आधारका रुपमा स्थापित गरिएको छ।

स्थानीय तहसँग सम्बन्धित नीतिगत तथा कानूनी संरचनाहरुमा उल्लेखित दायित्व र अपेक्षित भूमिका निर्वाह गर्नका लागि पाँचखपन नगरपालिका अग्रसर रहेको छ। यसका लागि नगरपालिकाले निजी क्षेत्र, सहकारी, गैरसरकारी तथा सामुदायिक क्षेत्रसँग सहकार्य र साझेदारी गरी रहेको छ। नेपाल सरकारले लिएको दीर्घकालीन सोच, दिगो विकासका लक्ष्यका साथै संघ, प्रदेश र स्थानीय तहका आफ्नै नीतिगत तथा संस्थागत व्यवस्थाहरुले नगरपालिकाको नियमित, आकस्मिक तथा विकासात्मक कार्यका साथै नगरपालिकाको समग्र पक्षहरुको व्यवस्थापन र परिचालन गर्न नगरपालिका अग्रसर रहेको छ।

पाँचखपन नगरपालिकामा जम्मा १४ वटा शाखाहरुबाट नगरपालिकाका विभिन्न प्रकारका सेवा तथा कार्यहरु सम्पादन हुने गरेको छ। यसका साथै नगरपालिकालाई ९ वटा वडामा विभाजन गरी आवश्यक कार्य जिम्मेवारी कानूनतः हस्तान्तरण गरिएको छ। नगरपालिकामा मूलत: प्रशासन शाखा, आर्थिक प्रशासन शाखा, प्राविधिक शाखा लगायत पञ्जीकरण तथा सामाजिक सूरक्षा इकाई, स्वास्थ्य शाखा, शिक्षा शाखाको व्यवस्था गरिएको छ।

**२. निकायको कार्यक्षेत्र**

स्थनीय तहको कार्य जिम्मेवारी र कार्यक्षेत्रको सीमा अत्यन्तै वृहत् रहेको छ। पाँचखपन नगरपालिकाको कार्यक्षेत्र मूलतः संघ तथा प्रदेश तहका नीति, योजना र कार्यक्रमको कार्यान्वयन, प्रभावकारी सार्वजनिक सेवाको प्रवाह, विकास व्यवस्थापन, राजस्व परिचालन गर्दै शिक्षा, स्वास्थ्य, विद्युत्, खानेपानी तथा सरसफाई लगायत समग्र पक्षहरुको प्रभावकारी व्यवस्थापन र स्थानीय सुशासन कायम गर्नु रहेको छ। पाँचखपन नगरपालिकाको समग्र कार्यक्षेत्रसम्बन्धी व्यवस्था नेपालको संविधान, आवधिक योजना, स्थानीय सरकार सञ्चालन ऐन लगायत पाँचखपन नगरपालिकाको

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत


आ.व. २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ। समग्रमा पाँचखपन नगरपालिकाको कार्यक्षेत्रलाई देहायानुसार प्रस्तुत गर्न सकिन्छः

- नेपालको संविधान, अनुसूची ८ मा उल्लिखित एकल अधिकारका क्षेत्रहरु
- नेपालको संविधान, अनुसूची ९ मा उल्लिखित साझा अधिकारका क्षेत्रहरु

**३. निकायको संगाठनिक स्वरुप\संरचनाः**

नगरपालिकाको सर्वोच्च निकायको रुपमा नगर सभा रहेको छ। नगर कार्यपालिकाले कार्यपालिकीय शक्तिको प्रयोग गर्ने र न्यायिक समितिले सीमित न्यायिक अधिकारको प्रयोग गर्न पाउने व्यवस्था गरिएको छ। यस सम्बन्धी थप स्पष्टता देहायानुसार प्रस्तुत गरिएको तालिकाबाट हुने विश्वास गर्न सकिन्छः

## पाँचखपन नगरपालिकाको संगठनिक स्वरुप (तालिका)




---

**४. नगरपालिकामा रहेका विभिन्न शाखाहरुः**

सार्वजनिक सेवालाई प्रभावकारी ढंगबाट नागरिकहरु सामु पुऱ्याउन पाँचखपन नगरपालिका दत्तचित्त रहेको छ। यसका लागि विभिन्न शाखा तथा उपशाखाहरुको गठनसँगै सम्पर्क व्यक्तिसमेत तोकिएको छ। हाल यस कार्यालयमा रहेका शाखाहरु देहायानुसार रहेका छन् :

क. प्रशासन शाखा,
ख. योजना शाखा,
ग. प्राविधिक शाखा,
घ. स्वास्थ्य शाखा,
ङ. पंजीकरण तथा सामाजिक सुरक्षा इकाई,
च. महिला, वालवालिका तथा समाज कल्याण शाखा,

छ. आर्थिक प्रशासन शाखा,
ज. शिक्षा, युवा तथा खेलकुद शाखा,
झ. खानेपानी तथा सरसफाई शाखा/WASH sector
ञ. स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र
ट. सुचना प्रविधि शाखा,
ठ. जिन्सी शाखा,
ड. कृषि विकास शाखा,
ढ. पशुपञ्छी विकास शाखा,
ण. प्रधानमन्त्री रोजगार कार्यक्रम,
त. उद्यम विकास शाखा
थ. अमिन शाखा

**५. निकायमा रहेको दरबन्दी तेरीजः**

**पाँचखपन नगरपालिका, संखुवासभा**

**नगर कार्यपालिकाको कार्यालयको दरबन्दी तेरीज**

| क्र.सं. | पद | तह | सेवा | समूह | उप समूह | स्वीकृत दरबन्दी | पूर्ति भएको | रिक्त | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | १० | प्रशासन | सा.प्र. | | १ | १ | 0 | रा.प.तृतिय पदद्वारा पदपुर्ति |
| २ | अधिकृत | ९।१० | शिक्षा | शि.प्र. | | १ | 0 | १ | |
| ३ | सि.डि.ई. | ९।१० | ईञ्जि. | सिभिल | | १ | 0 | १ | |
| ४ | अधिकृत | ७।८ | प्रशासन | सा.प्र. | | १ | १ | 0 | |
| ५ | लेखा अधिकृत | ७।८ | प्रशासन | लेखा | | १ | 0 | १ | |
| ६ | अधिकृत | ७।८ | शिक्षा | शि.प्र. | | १ | 0 | १ | |
| ७ | जन स्वास्थ्य अधिकृत | ७।८ | स्वास्थ्य | ज.स्वा. | | १ | 0 | १ | ज.नि छैटौं |
| ८ | ईञ्जीनियर | ७।८ | सिभिल | सिभिल | | १ | 0 | १ | ई. छैंठौ |
| ९ | अधिकृत | ६ | प्रशासन | सा.प्र. | | २ | 0 | २ | |
| १० | आ.ले.प. | ५ | प्रशासन | लेखा | | १ | 0 | १ | |
| ११ | प.हे.न. | ५।६ | स्वास्थ्य | क.न. | | १ | १ | 0 | |
| १२ | हेल्थ असिस्टेन्ट | ५।६ | स्वास्थ्य | हे.अ. | | १ | १ | 0 | |
| १३ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ५ | 0 | ५ | |
| १४ | लेखापाल | ५ | प्रशासन | लेखा | | १ | १ | 0 | |
| १५ | कम्प्युटर अपरेटर | ५ | विविध | | | १ | १ | 0 | |
| १६ | प्रा.स. | ५ | शिक्षा | शि.प्र. | | १ | १ | 0 | |

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| १७ | सब-ईञ्जीनियर | ५ | ईञ्जी. | सिभिल | | २ | 0 | २ | २ पद करार मार्फत पदपूर्ति |
| १८ | महिला विकास निरीक्षक | ५ | विविध | | | १ | १ | 0 | |
| १९ | अमिन | ४ | ईञ्जि. | सर्भे | | १ | 0 | १ | करार मार्फत पदपूर्ति |
| २० | सहायक | ४ | प्रशासन | सा.प्र. | | २ | 0 | २ | |
| २१ | स.ले.पा. | ४ | प्रशासन | सा.प्र. | | १ | 0 | १ | |
| २२ | सहायक महिला विकास निरीक्षक | ४ | विविध | | | १ | 0 | १ | राजिनामा |
| | | | | **कार्यालयतर्फ जम्मा** | | २९ | ८ | २१ | |
| | **वडा कार्यालयतर्फ (९ वटा वडा)** | | | | | | | | |
| १ | सहायक | ५ | प्रशासन | सा.प्र. | | ४ | १ | ३ | |
| २ | सब-ईञ्जीनियर | ५ | ईञ्जि. | सिभिल | | ४ | १ | ३ | |
| ३ | सहायक | ४ | प्रशासन | सा.प्र. | | ५ | ४ | १ | |
| ४ | अ. सब-ईञ्जीनियर | ४ | ईञ्जि. | सिभिल | | ५ | २ | ३ | |
| | | | | | | | | | |
| | | | | **वडा कार्यालयतर्फ (९ वटा वडा) जम्मा** | | १८ | १० | ८ | |
| | | | | **नगर कार्यपालिकाको कार्यालयतर्फ जम्मा** | | २९ | ८ | २१ | |
| | | | | **कूल जम्मा** | | ४७ | १८ | २९ | |

**यस पालिकामा सेवा करारमा कार्यरत कर्मचारीहरुको विवरण:**

| क्र.स. | नाम | पद | कैफियत |
|---|---|---|---|
| १ | जिवन श्रेष्ठ | सूचना प्रविधि अधिकृत (छैंठौं) | |
| २ | सुदेश राई | रोजगार संयोजक (अधिकृत स्तर छैंठौं) | |
| ३ | शशी भुषण यादब | कृषी स्नातक (अधिकृत स्तर छैंठौं) | |
| ४ | रवि किरण राई | MIS अपरेटर (सहायकस्तर पाँचौं) | |
| ५ | तारा कुमार श्रेष्ठ | प्राविधिक सहायक | |
| ६ | सन्देश श्रेष्ठ | प्राविधिक सहायक (सहायक स्तर पाँचौं) | |
| ७ | खगेन्द्र राई | स.ई सहायक स्तर पाँचौं | |
| ८ | डाइमण्ड पुरी | स.ई सहायक स्तर पाँचौं | |
| ९ | हिमाल श्रेष्ठ | अमिन सहायक स्तर चौथो | |
| १० | तारा श्रेष्ठ | ना.प्र.स. सहायक स्तर चौथो | |
| ११ | विष्णु विश्वकर्मा | उद्यम विकास सहजकर्ता सहायक स्तर चौथो | |

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| १२ | निश्चल श्रेष्ठ | सहायक कम्प्युटर अपरेटर | |
| १३ | मनिता दाहाल | अपाङ्गता सहजकर्ता | |
| १४ | महेश तामाङ | नगर प्रमुखको स्वकीय सचिव | |
| १५ | राजेश खड्का | नगर उप-प्रमुखको स्वकीय सचिव | |
| १६ | सुजन थापा | हलुका सवारी चालक | |
| १७ | पवन श्रेष्ठ | Backhole loader चालक | |
| १८ | हिमाल खनाल | कार्यालय सहयोगी | |
| १९ | मिलन तामाङ | कार्यालय सहयोगी | |
| २० | भानुसागर राई | कार्यालय सहयोगी | |
| २१ | कुलदेवी न्यौपाने | कार्यालय सहयोगी | |
| २२ | अजय तामाङ | सवारी चालक | |
| २३ | हरिराम खड्का | कार्यालय सहयोगी | |
| २४ | डम्बर बहादुर श्रेष्ठ | कार्यालय सहयोगी | |
| २५ | राज गुरुङ | कार्यालय सहयोगी | |
| २६ | सुवास प्रसाद पोखरेल | कार्यालय सहयोगी | |
| २७ | नेत्र कुमारी थापा श्रेष्ठ | कार्यालय सहयोगी | |

## ६. निकाय संबद्ध ऐन, नियम तथा निर्देशिका/कार्यविधिः

पाँचखपन नगरपालिकाले आफ्ना काम कारवाहीलाई चुस्त, दुरुस्त तथा प्रभावकारी बनाउन निम्न अनुसारका ऐन, नियम तथा कार्यविधिहरु स्वीकृत गरी कार्यान्वयनमा ल्याईएको छः

- पाँचखपन नगरपालिको आधारभूत अस्पताल सञ्चालन एवं व्यवस्थापन कार्यविधि,२०८१
- पाँचखपन नगरपालिकाको सामुदायिक जैविक, साँस्कृतिक सम्पदा संरक्षित पर्यापर्यटकीय विशेष क्षेत्र व्यवस्थापन कार्यविधि, २०८१
- पाँचखपन नगरपालिकाको स्थानीय उर्जा विकास निर्देशिका, २०८१
- पाँचखपन नगरपालिकाको भवन निर्माण ऐन, २०८१
- पाँचखपन नगरपालिकाको वातावरण संरक्षण तथा प्राकृतिक स्रोत व्यवस्थापनका सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको वन व्यवस्थापन सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको खानेपानी तथा सरसफाई र स्वच्छता सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८०
- पाँचखपन नगरपालिकाको कर्मचारी तहवृद्धि सम्बन्धी कार्यविधि, २०८०
- पाँचखपन नगरपालिकाको अपाङ्ग भएका व्यक्तिहरुलाई परिचय-पत्र वितरण कार्यविधि, २०७८
- उपभोक्ता समितिहरुको गठन, परिचालन तथा व्यवस्थापन ऐन, २०७८

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

- पाँचखपन नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७६
- कृषि विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवसायी इजाजत पत्र कार्यविधि, २०७८
- घ वर्गका निर्माण व्यवशायी इजाजत पत्र सम्बन्धी नियमावली, २०७८
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- टोल विकास संस्था व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगर कार्यपालिका (कार्य सम्पादन) नियमावली, २०७९
- पाँचखपन नगर कार्यपालिका कार्य विभाजन नियमावली, २०७९
- पाँचखपन नगरपालिकाका पदाधिकारीहरुको आचारसंहितासम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक सहायता वितरण सम्बन्धी नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को वार्षिक नीति तथा कार्यक्रम,
- पाँचखपन नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट
- पाँचखपन नगरपालिकाको राजस्व सुधार कार्ययोजना, २०७९
- पाँचखपन नगरपालिकाको विनियोजन ऐन, २०८०
- पाँचखपन नगरपालिकाको आर्थिक ऐन, २०८०
- पाँचखपन नगरकार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७९
- पाँचखपन नगरपालिकाको प्रोत्साहन भत्तासम्बन्धी नियमावली, २०७९
- जेष्ठ नागरिक परिचयपत्र वितरण नियमावली, २०७८
- आपङ्गता परिचय पत्र वितरण नियमावली, २०७८
- पाँचखपन नगरपालिकाबाट गरिने बजार अनुगमन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको पशुपन्छी सेवा सञ्चालन नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको कृषि विकास कार्यक्रम सञ्चालन नियमावली, २०७८
- न्यायिक समिति कार्य सञ्चालन ऐन, २०७८
- लैंगिक हिंसा निवारण कोष सञ्चालन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको सहकारी ऐन, २०७८
- पाँचखपन नगरपालिकाको जलस्रोत व्यवस्थापन ऐन, २०७८
- पाँचखपन नगरपालिकाको संस्था दर्ता ऐन, २०७८

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

- पाँचखपन नगरपालिकाको शिक्षा ऐन, २०७८
- पाँचखपन नगरपालिकाको शिक्षा नियमावली, २०७८
- पाँचखपन नगरपालिकाको निर्णय वा आदेश अधिकारपत्रको प्रमाणीकरण ऐन, २०७८
- पाँचखपन नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०८०
- पाँचखपन नगरपालिकाको स्थानीय राजपत्र प्रकाशन सम्बन्धी ऐन, २०७८
- पाँचखपन नगरपालिको संक्षिप्त वातावरण अध्ययन तथा प्रारम्भिक वातावरणीय परीक्षण नियमावली, २०७९

**७. शाखागत रुपमा सम्पादन भएका मुख्य कार्यहरुको विवरणः**

**यस कार्यालयको विभिन्न शाखाहरुबाट सम्पादन भएका कार्यहरु शाखागतरुपमा देहायानुसार प्रस्तुत गरिएको छ।**

**७.१ प्रशासन, योजना, प्राविधिक शाखाः**

क. दैनिक प्रशासनिक कामकाज भएको,
ख. घ वर्गको निर्माण व्यवसायि इजाजत पत्र २वटा नविकरण भएको,
ग. कृषी तथा पशुपालन समुह २ वटाको नविकरण,
घ. ५० वटा टोल विकास संस्था नविकरण भएको,
ङ. १ वटा खानेपानी उपभोक्ता तथा सरसफाइ समिति नविकरण
च. ४ वटा संस्था दर्ता भएका,
छ. १६९ टोल विकास संस्था रहेका
ज. टोल विकास संस्थाहरु दर्ता/नविकरण गर्ने काम भइरहेको,
झ. आ.व. २०८१/८२ को माघ महिना देखि चैत मसान्त सम्म ६ पटक कर्मचारी बैठक बसेको।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## ७.२ आर्थिक प्रशासन शाखाः

पाँचखपेन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, संखुवासभा
कार्यालयको कोड : ८०१०४४०४३००

क्षेत्रगत वजेट तथा खर्च

आ.व. : २०८१/८२ अवधी : २०८१/१०/०१-२०८१/१२/३१

| क्र.सं. | क्षेत्र/उप क्षेत्र | विनियोजन | खर्च | खर्च (%) | मौज्दात |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १,७१,९३,०००.०० | १०,५१,६१७.०० | ६.१२ | १,६१,४१,३८३.०० |
| १ | कृषि | ९८,०१,०००.०० | ५,१३,८१३.०० | ५.२४ | ९२,८७,१८७.०० |
| २ | उद्योग | २३,२०,०००.०० | १,९१,६०८.०० | ८.२६ | २१,२८,३९२.०० |
| ३ | पर्यटन | ५०,०००.०० | ०.०० | ० | ५०,०००.०० |
| ४ | सहकारी | ९०,०००.०० | ०.०० | ० | ९०,०००.०० |
| ५ | जलश्रोत तथा सिंचाई | ३७,४५,०००.०० | १,८०,७२३.०० | ४.८३ | ३५,६४,२७७.०० |
| ६ | पशुपन्छी विकास | ११,८७,०००.०० | १,६५,४७३.०० | १३.९४ | १०,२१,५२७.०० |
| २ | सामाजिक विकास | २५,८५,८४,१३६.०० | ५,०९,८३,८२५.५६ | १९.७२ | २०,७६,००,३१०.४४ |
| १ | शिक्षा | १९,०७,३१,९५८.०० | ४,४०,६१,४३३.०० | २३.१ | १४,६६,७०,५२५.०० |
| २ | स्वास्थ्य | ३,००,११,०००.०० | ४७,०३,५९०.५६ | १५.६७ | २,५३,०७,४०९.४४ |
| ३ | खानेपानी तथा सरसफाई | २,५५,९२,०००.०० | २,६८,३२०.०० | १.०५ | २,५३,२३,६८०.०० |
| ४ | भाषा तथा संस्कृति | ३३,६४,९२८.०० | २,९०,३६१.०० | ८.६३ | ३०,७४,५६७.०० |
| ५ | लैगिक समानता तथा सामाजिक समावेशीकरण | ३५,२६,०००.०० | ७,००,६९०.०० | १९.८७ | २८,२५,३१०.०० |
| ६ | युवा तथा खेलकुद | ४२,४०,०००.०० | ८,६६,५११.०० | २०.४४ | ३३,७३,४८९.०० |
| ७ | जनसंख्या तथा बसाईसराई | २०,०००.०० | ०.०० | ० | २०,०००.०० |
| ८ | सामाजिक सुरक्षा तथा संरक्षण | १०,९८,२५०.०० | ९२,९२०.०० | ८.४६ | १०,०५,३३०.०० |
| ३ | पूर्वाधार विकास | ९,५३,४५,६९७.०० | ८७,५५,९७५.०० | ९.१८ | ८,६५,८९,७२२.०० |
| १ | यातयात पूर्वाधार | ६,६५,३५,४८८.०० | ५०,९०,५३५.०० | ७.६५ | ६,१४,४४,९५३.०० |
| २ | भवन, आवास तथा सहरी विकास | २,३५,६६,६००.०० | ३३,७३,३५८.०० | १४.३१ | २,०१,९३,२४२.०० |
| ३ | उर्जा | ३,३०,०००.०० | ०.०० | ० | ३,३०,०००.०० |
| ४ | संचार तथा सूचना प्रबिधि | २,५५,०००.०० | ५०,०००.०० | १९.६१ | २,०५,०००.०० |
| ५ | सम्पदा पूर्वाधार | ४३,८०,०००.०० | २,४२,०८२.०० | ५.५३ | ४१,३७,९१८.०० |
| ६ | पुननिर्माण | २,७८,६०९.०० | ०.०० | ० | २,७८,६०९.०० |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,५०,२३,०००.०० | १३,९४,६८६.०० | ९.२७ | १,३६,२८,३१४.०० |
| १ | वातावरण तथा जलवायु | २५,०००.०० | ०.०० | ० | २५,०००.०० |
| २ | विपद व्यवस्थापन | ३१,५०,०००.०० | ४,००,०००.०० | १२.७ | २७,५०,०००.०० |
| ३ | मानब संशाधन विकास | ३,५०,०००.०० | ०.०० | ० | ३,५०,०००.०० |
| ४ | शान्ति तथा सुव्यवस्था | २,०५,०००.०० | ०.०० | ० | २,०५,०००.०० |
| ५ | कानुन तथा न्याय | ३,७०,०००.०० | ०.०० | ० | ३,७०,०००.०० |
| ६ | तथ्यांक प्रणाली | ४,९५,०००.०० | २०,०००.०० | ४.०४ | ४,७५,०००.०० |
| ७ | गरिबी निवारण | ११,६५,०००.०० | २,२७,५००.०० | १९.५३ | ९,३७,५००.०० |
| ८ | श्रम तथा रोजगारी | ९१,२३,०००.०० | ७,४७,१८६.०० | ८.१९ | ८३,७५,८१४.०० |
| ९ | योजना तर्जुमा र कार्यन्वयन | १,४०,०००.०० | ०.०० | ० | १,४०,०००.०० |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,०२,५९,०१५.०० | २,०९,३०,९११.९६ | २६.०८ | ५,९३,२८,०९५.०४ |
| १ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ८,०२,५९,०१५.०० | २,०९,३०,९११.९६ | २६.०८ | ५,९३,२८,०९५.०४ |
| | कुल जम्मा | ४६,६४,०४,८४८.०० | ८,३१,१७,०२३.५२ | १७.८२ | ३८,३२,८७,८२४.४८ |

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

### ७.३ स्वास्थ्य शाखाः

स्वास्थ्य शाखाबाट मिति २०८१ माघ १ गते देखि चैत मसान्त सम्म सम्पादित कार्यहरुको विवरण:

२०८१ माघ देखि चैत सम्मको त्रैमासिक प्रतिदवेदन
स्वास्थ्य शाखा पाँचखपन नगरकार्यपालिकाको कार्यलय
आ.व. २०८०/०८१

| क.सं. | श्रोत | विनियोजित बजेट | कार्यक्रम सम्पन्न अवधि | खर्च | लाभान्वित |
|---|---|---|---|---|---|
| १. | प्रजनन् रुग्णता शिविर | ७१००० | तेश्रो त्रैमासिक | ७०००० | ३५०जना |
| २. | नियमित खोपको घरधुरि सर्भेक्षण | ३१५००० | तेश्रो त्रैमासिक | ६३००० | २१५जना |
| ३. | पोषण कार्यक्रम सुनौलो हजार दिने आमाहरुलाईगोष्ठी | १७०००० | तेश्रो त्रैमासिक | १००००० | २७०जना |
| ४. | महिला स्वास्थ्य स्वयम सेविका यातायात र पोषाक | ५९४००० | तेश्रो त्रैमासिक | ४३२००० | २७जना |
| ५ | एच. पि.भि. खोप अभियान | ३१६०० | तेश्रो त्रैमासिक | ३१६००० | ८६५जना |

तयार गर्ने

प्रमाणित गर्ने

### ७.४ शिक्षा शाखाः

क. तेस्रो त्रैमासिक तलब भत्ता निकासा रु. ३,२२,८५,२१४/-
ख. तेस्रो त्रैमासिक शैक्षिक अनुदान निकासा रु.४७,२९,८२४/-
ग. दिवा खाजा बापतको रकम निकासा रु.१२,७७,२९५/-
घ. प्रति विद्यार्थी लागत रकम निकासा रु. १९,७७,८००/-
ङ. नियमित प्र.अ. बैठक संचालन,
च. शिक्षा समिति बैठक संचालन,

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## ७.५ पञ्जिकरण इकाईः-

क. आ.व. २०८१/८२ को तेस्रो त्रैमासिक सामाजिक सुरक्षा भत्ता वितरण,

ख. नगरपालिका अन्तर्गतका ९ वटै वडा कार्यालयमा बायोमेट्रिक डिभाइस जडान।

अनुसूची ४
दफा ७ सँग सम्बन्धित

अनुमानित बजेट प्रतिवेदन

जिल्ला : संखुवासभा गा.पा/न.पा. : पाँचखपन आर्थिक वर्ष : २०८१/८२ अवधिको किसिम : त्रैमासिक किस्ता : तृतीय

| वडा नं. | अन्य जेष्ठ नागरिक भत्ता | | जेष्ठ नागरिक भत्ता (दलित) | | जेष्ठ नागरिक एकल महिला | | विधवा (आर्थिक सहायता) | | क वर्ग | | ख वर्ग (आर्थिक सहायता) | | दलित बालबालिका | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम | संख्या | रकम |
| १ | १६० | ११०७९८० | १० | ७९८०० | १५ | ११९७०० | २९ | २३१४२० | १८ | २१५४६० | १८ | ११४९१२ | ९ | १२८९२ | २५९ | २६७१५०४ |
| २ | १३२ | १४२८२५३ | २० | १५९६०० | १७ | १३५६६० | २० | १५४२८० | १७ | २०३४९० | २० | १२७६८० | ३७ | ५७१८३ | २५३ | २२५६१४६ |
| ३ | १५४ | १८३२००० | ६ | ४७८८० | १५ | ११९७०० | ३७ | २८९९४० | २४ | २६७५८० | ४२ | २६८१७८ | १९ | २७७५४ | २८७ | २७५२९८२ |
| ४ | १४९ | १०७२००० | ३७ | २९५२६० | १२ | ८७७८० | २३ | १८३५४० | १९ | २२७४३० | १९ | १२१२९६ | ३७ | ५८३८२ | २९५ | २७४५६८८ |
| ५ | १३६ | १५३५२२६ | ६ | ४७८८० | १० | ७९८०० | १३ | १०३७४० | १८ | २१५४६० | १० | ६३८४० | ६ | ७४३० | १९६ | २०५३३७६ |
| ६ | १५४ | १८०५१८९ | ८ | ५७१०३ | १० | ७९८०० | २० | १५९६०० | १५ | १७९५५० | ८ | ५१०७२ | १८ | २६६०० | २३३ | २३५८९१२ |
| ७ | १६१ | १८९४१३८ | १४ | १११७२० | १४ | १११७२० | २५ | १९९८४० | १६ | १९१५२० | १८ | ११४९१२ | १२ | ४८५५६ | २१० | २०४११९६ |
| ८ | १६० | १८४४७९८ | ७ | ५०५४० | ६ | ४७८८० | २८ | २२०७८० | १७ | २०३४९० | २८ | १७८०७४२ | ८ | १२४९३ | २५४ | २५५८७३३ |
| ९ | १३१ | १५१३३२६ | ७ | ५५८६० | १७ | १३५६६० | ३० | २३९४०० | १० | ११९७०० | ९ | ५७४५६ | २ | ३९९२ | २०४ | २१२४५१४ |
| जम्मा | १३११ | १५५१२९०० | १२५ | ९८५४४१ | १२५ | ९९५०४० | २२५ | १७७९५८० | १४४ | १७२३६८० | १५२ | १०९८०४८ | १६८ | २५४४८२ | २२७१ | २३२७०९१३१ |

## ७.६ प्रधानमन्त्री रोजगार कार्यक्रमः

- आ.व. २०८१/८२ को मासिक प्रगति प्रतिवेदन आर्थिक, वित्तीय विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट,
- छनोट भएका बेरोजगारहरुलाई रोजगार आयोजनामा खटाउनु पूर्व अभिमुखिकरण तालिम १ देखि ९ वटै वडामा सम्पन्न,
- रोजगार उपभोक्ता समिति गठन गरी रोजगार आयोजना सम्झौता,
- छनोटमा परेको तालिम प्रदायक संस्थासँग सम्झौता,
- कार्यस्थलमा आधारित ५० दिने सडक मर्मत तथा सम्भार तालिम सञ्चालन,
- रोजगार आयोजनाहरुको अनुगमन,
- आ.व. २०८२/८३ को लागि बरोजगार आवेदन फारम भर्ने सम्बन्धी सूचना प्रकाशन,
- संकलन भएको बेरोजगार

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

७.७ **महिला विकास शाखाः**

क. अपाङ्गता रोकथाम तथा पुन:स्थापना अन्तर्गत मिलिजुली समूहका अध्यक्ष, सचिव, कोषाध्यक्ष तथा सि.वि.आ.सहजकर्ता एवम डि.यस.एफ.लाई चारखाता भर्ने तथा माइन्युट लेखन सम्बन्धी एक दिने तालिम संचालन गरियो।

ख. स्वास्थ्य उपचारमा सहयोग अन्तर्गत मिन कुमार श्रेष्ठलाई रु.३००००/-(तीस हजार) सहयोग गरियो।

ग. विपन्न, दलित, पिछडिएको महिलाहरुलाई आत्मनिर्भर कार्यक्रम अन्तर्गत अलैची खेती सम्बन्धी ३ दिने तालिम वडा नं. ९ मा सम्पन्न गरियो।

**न्यायिक अन्तर्गत**

१. मुद्धा दर्ता- जम्मा ५

क. सामुदायिक उपभोक्ता वनको सिमा विवाद-प्राकृतिक स्रोत तथा द्धन्द रुपान्तरण केन्द्रलाई मिलाउन पत्र पठाइएको।

ख. जग्गाको सिमाना विवाद-२ (मिलेको)

ग. लेनदेन-२ (छलफल हुन बाँकी)

७.८ **उद्यम विकास शाखाः**

क. पाँचखपन नगरपालिका वडा नं. २ र ८ मा ८ दिने उद्यमशिलता विकास तालिममा पर्ने व्यवसाय सचेतना, व्यवसाय सुरु, लैङ्गिक समानता तथा समावेशीकरण तालिम सम्पन्न भयो।

ख. पाँचखपन नगरपालिका वडा नं.२ मा नयाँ लघु उद्यमीहरु १५ जना वडा नं. ८ मा १५ जना गरेर जम्मा ३० ना नयाँ लघु उद्यमीहरुको अनलाइन डाटा इन्ट्रि सम्पन्न गरिएको

ग.पुराना लघु उद्यमीहरुको आवश्यकता पहिचान गर्नको लागि वडा नं.५ मा अनुगमन कार्य सम्पन्न भयो।

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## ७.९ कृषि विकास तथा पशुपन्छी सेवा शाखा:

पाँचखपन नगरपालिका नगर कार्यपालिकाको कार्यालय वाना संखुवासभा स्था-२०७१

### कृषि शाखा अन्तर्गत

माघ देखि चैत्र मसान्त सम्मको त्रैमासिक प्रगति प्रतिवेदन

कृषि विकास शाखा, पाँचखपन नगरकार्यपालिकाको कार्यालय, वाना , संखुवासभा

आ.व. :२०८१/८२

| क.स. | श्रोत | विनियोजित बजेट | कार्यक्रम सम्पन्न प्रतिवेदन गरिएको त्रैमासिक अवधिको | कार्यक्रम अन्तर्गत हालसम्म भएको खर्च | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| (क) | सशर्त अनुदान को कार्यक्रम | २३,००,०००/- | त्रैमासिक | ० | ० |
| १. | किसान सूचीकरण कार्यक्रम | १,००,०००/- | त्रैमासिक | ० | ० |
| २. | सख्खर उत्पादन कार्यक्रम उखुखेती प्रवर्दन तथा | १५,००,०००/- | त्रैमासिक | ० | ० |
| ३. | कौफी खेतीप्रवर्दन कार्यक्रम | ७,००,०००/- | त्रैमासिक | ० | ० |
| (ख) | वित्तीय समानीकरण तर्फको कार्यक्रम | २२,००,०००/- | त्रैमासिक | ० | ० |
| १. | घुमती स्थलगत तालिम | १,००,०००/- | त्रैमासिक | १,००,०००/- | १०० घरधुरी |
| २. | अगुवा कृषक तालिम | १,००,०००/- | त्रैमासिक | १,००,०००/- | ३० जना अगुवा कृषक |
| ३. | आलुको बिऊ खरीद तथा वितरण कार्यक्रम | ३,७५,०००/- | त्रैमासिक | ० | ० |
| ४. | आकस्मिक बाली संरक्षण अन्तर्गत सिट्रस ग्रीनिङ जाच तथा बिषादी | ४०,३५०/- | त्रैमासिक | ४०,३५०/- | पा.न.पा.-०४ |

. कृषि विकास शाखा अन्तर्गतका नियमित कार्यहरु:

१. कृषि विकास सम्बन्धी प्राविधिक सेवा प्रदान गर्ने।

२. रोगकिरा न्यूनीकरण तथा बिषादी सम्बन्धी जानकारी तथा प्राविधिक जानकारी किसानहरु बीच संचार गर्ने।

३. संघीय तथा प्रादेशिक कार्यक्रममा सहजीकरण ।

सन्दीप मण्डल गन्गाई
शाखा प्रमुख

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
वाना संखुवासभा
स्था-२०७३

## पशुपन्छि सेवा शाखा अन्तर्गत

### माघ देखि चैत्र मसान्त सम्मको त्रैमासिक प्रगति प्रतिवेदन

### पशु सेवा शाखा, पाँचखपन नगरकार्यपालिकाको कार्यालय, वाना , संखुवासभा

आ.व. :२०८१/८२ मिति:२०८१/०८/११

| क.स. | श्रोत | बिनियोजित बजेट | कार्यक्रम सम्पन्न प्रतिवेदन गरिएको त्रैमासिक अवधिको | कार्यक्रम अन्तर्गत हालसम्म भएको खर्च | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| (क) | वित्तीय समानीकरण तर्फको कार्यक्रम | ८,००,०००/- | चैमासिक | ० | ० |
| १. | पशुपंक्षी औषधि खरिद तथा वितरण कार्यक्रम | २,००,०००/- | त्रैमासिक | ० | ० |
| २. | कृत्रिम गर्भाधान कार्यक्रम | १,५०,०००/- | त्रैमासिक | १,५०,०००/- | २७ |
| ३ | रेफ्रीजिनेरेटर खरिद | ५०,०००/- | त्रैमासिक | ५०,०००/- | कार्यालय प्रयोजन |

पशु विकास शाखा अन्तर्गतका नियमित कार्यहरु :

१. पशु स्वाश्थ्य सम्बन्धी प्राविधिक सेवा प्रदान गर्ने ।

२ पशुपन्छी उपचार सेवा प्रदान गर्ने ।

३ सङ्घीय तथा प्रादेशिक कार्यक्रममा सहजीकरणा गरने ।

सुनिता खड्का
ना.प.स्वा.पा

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

## ७.१० राजस्व शाखा

आ.व. २०८१/८२

पाँचखपन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, संखुवासभा
कार्यालयको कोड : ८०१०४४०४३००

Office wise revenue collection Summary
वडागत राजस्व संकलन

आ.व. : २०८१/८२ अवधी : २०८१/१०/०१-२०८१/१२/३१

| क्र.सं. | संकेत | राजस्व संकलन गर्ने कार्यालय | जम्मा | कैफियत |
|---|---|---|---|---|
| १ | ८०१०४४०४३०० | पाँचखपन नगरपालिका, संखुवासभा | ६,०७,२५१.०० | |
| २ | ८०१०४४०४३०१ | पाँचखपन नगरपालिका,१ नं. वडा कार्यालय, संखुवासभा | ७३,५००.८४ | |
| ३ | ८०१०४४०४३०२ | पाँचखपन नगरपालिका,२ नं. वडा कार्यालय, संखुवासभा | ५०,२७५.३० | |
| ४ | ८०१०४४०४३०३ | पाँचखपन नगरपालिका,३ नं. वडा कार्यालय, संखुवासभा | १,०१,९८८.०० | |
| ५ | ८०१०४४०४३०४ | पाँचखपन नगरपालिका,४ नं. वडा कार्यालय, संखुवासभा | १,५३,८३०.०० | |
| ६ | ८०१०४४०४३०५ | पाँचखपन नगरपालिका,५ नं. वडा कार्यालय, संखुवासभा | ८१,९४०.५० | |
| ७ | ८०१०४४०४३०६ | पाँचखपन नगरपालिका,६ नं. वडा कार्यालय, संखुवासभा | २,८८,५८६.८० | |
| ८ | ८०१०४४०४३०७ | पाँचखपन नगरपालिका,७ नं. वडा कार्यालय, संखुवासभा | ७४,८५१.०० | |
| ९ | ८०१०४४०४३०८ | पाँचखपन नगरपालिका,८ नं. वडा कार्यालय, संखुवासभा | ७७,५८६.०० | |
| १० | ८०१०४४०४३०९ | पाँचखपन नगरपालिका,९ नं. वडा कार्यालय, संखुवासभा | ५४,७८९.०० | |
| | | जम्मा | १५,६५,५९८.४४ | |

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका

८. कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पदः



मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत



बिनोद कुमार चन्द
सूचना अधिकारी

सूचना प्रकाशन मिति २०८१ बैशाख २८ गते

मणिराम खतिवडा
प्रमुख प्रशासकीय अधिकृत
पाँचखपन नगरपालिका